# विदेशी सवारी चालक अनुमतीपत्र धारकहरूका लागि १ जुलाई २०२३ बाट नयाँ व्यवस्था

NSW GOVERNMENT

## अस्थायी प्रवेशाज्ञामा रहेका विदेशी सवारी चालक अनुमतीपत्र धारकहरूलाई १ जुलाई २०२३ देखि लागू हुने दुई नयाँ नियमहरु छन - 'six-month rule'('छ महिनाको नियम') र 'withdrawal of driving privileges' (' सवारी साधन चलाउने विशेषाधिकारको कटौती ')।

### Six-month rule ('छ महिनाको नियम')

नयाँ व्यवस्था १ जुलाई २०२३ वा त्यसपछि अस्थायी प्रवेशाज्ञामा एनएसडब्ल्यूमा बसोबास गर्ने व्यक्तिका लागि लागू हुनेछ।

नयाँ व्यवस्था अनुसार, अस्थायी प्रवेशाज्ञा धारकहरूले सवारी चलाउन जारी राख्न चाहेमा एनएसडब्लुमा निरन्तर बसोबास गरेको ६ महिनाभित्र एनएसडब्लुको सवारी चालक अनुमतिपत्र प्राप्त गर्नुपर्नेछ।

एनएसडब्ल्यूको बासिन्दा हुनका लागि, एक व्यक्ति सामान्यतया एनएसडब्ल्यूमा रहेको ठेगानामा बस्नुपर्छ। उक्त व्यक्ति छुट्टी वा कामको लागि अस्थायी रूपमा अर्को राज्यमा जान सक्छन् तैपनि एनएसडब्ल्यूमा लगातार बसिरहेको मानिन्छ। कुनै व्यक्तिले आफ्नो प्राथमिक निवासको रूपमा एनएसडब्ल्यूको ठेगाना प्राप्त गरेको, परिवर्तन गरेको, वा प्रयोग गरेको मितिबाट समयरेखा सुरु हुन्छ।

१ जुलाई २०२३ भन्दा पहिले देखि एनएसडब्ल्यूका बासिन्दा रहेका विदेशी सवारी चालक अनुमतीपत्र धारकहरूले आफ्नो विदेशी सवारी चालक अनुमतीपत्रले सवारी चलाउन सक्दछन् र नयाँ आवश्यकताहरू पूरा गर्न आवश्यक पर्दैन।

**उदाहरण १:**

व्यक्ति क १ मार्च २०२३ मा एनएसडब्ल्यू आइपुग्छ। नयाँ 'छ महिनाको नियम' लागू हुँदैन।आप्रवासन ऐन अन्तर्गत स्थायी प्रवेशाज्ञा प्राप्त नगरेसम्म वा विदेशी सवारी चालक अनुमतीपत्रको म्याद समाप्त नभएसम्म वा अन्यथा रद्द वा निलम्बित नभएसम्म व्यक्ति क ले आफ्नो विदेशी सवारी चालक अनुमतीपत्रले एनएसडब्ल्यूमा सवारी चलाउन जारी राख्न सक्दछ।

**उदाहरण २:**

व्यक्ति ख १ जुलाई २०२३ मा एनएसडब्ल्यू आइपुग्छ। व्यक्ति ख उक्त मिति देखि छ महिना वा सो भन्दा बढी समयसम्म एनएसडब्ल्यूमा निरन्तर बस्नेछ। व्यक्ति ख ले १ जनवरी २०२४ सम्ममा एनएसडब्ल्यूको सवारी चालक अनुमतिपत्र प्राप्त गर्न आवश्यक हुनेछ।

**उदाहरण ३:**

व्यक्ति ग पाँच महिनाको लागि एनएसडब्ल्यूमा बस्छ र त्यसपछि एक महिनाको छुट्टीको लागि क्विन्सल्याण्ड जान्छ। व्यक्ति ग ले अझै पनि एनएसडब्ल्यूको सवारी चालक अनुमतिपत्र प्राप्त गर्न आवश्यक छ किनकि उसको मुख्य निवास एनएसडब्ल्यू हो।



## विदेशी चालकको विशेषाधिकारहरूको कटौती

१ जुलाई २०२३ मा, एनएसडब्लुमा विदेशी सवारी चालक अनुमतिपत्रमा सवारी चलाउने सबै व्यक्तिहरूका लागि नयाँ व्यवस्था सुरु हुनेछ। एनएसडब्ल्यू यातायातले निम्न अवस्था भएमा विदेशी चालकको विशेषाधिकारहरू स्थायी रूपमा फिर्ता लिनेछ:

- १३ डिमेरिट अंकहरू प्राप्त भएमा; अथवा
- गम्भीर सवारी साधन चलाउने अपराधको दोषी ठहरिएका खण्डमा (सडक यातायात ऐन २०१३ को धारा २२४ अन्तर्गत सूचीबद्ध), अथवा
- अस्ट्रेलियाको कुनै पनि भागमा वा अर्को देशमा मोटर वाहन चलाउनबाट निलम्बित गरिएमा वा अयोग्य ठहरिएका खण्डमा; अथवा
- लागूपदार्थ वा मादक पदार्थ सेवन सम्बन्धी सवारी साधन चलाएको अपराधमा दोषी ठहरिएका खण्डमा।

## गम्भीर सवारी अपराधहरूमा निम्न समावेश छन्:

- गम्भीर दुर्घटना निम्त्याउने, मृत्यु वा गम्भीर शारीरिक हानि निम्त्याउने तरिकाले सवारी चलाउने
- गति सीमा भन्दा ४५ किमी /घन्टा भन्दा बढीको गति भएमा
- गति सीमा भन्दा ३० किमी /घन्टा भन्दा बढीको गति भएमा
- मादक पदार्थ सेवन गरेर वा अवैध लागूपदार्थ सेवन गरेर सवारी चलाएमा
- स्ट्रीट रेसिङ (सडकमा सवारी दौडाउने प्रतियोगिता) र अन्य लापरवाहीका साथ सवारी चलाउने अपराधहरूमा भाग लिएमा
- पर्यवेक्षण बिना सवारी चलाएमा (शिक्षार्थी सवारी चालक अनुमतिपत्र धारकहरू)।

## एनएसडब्ल्यूको सवारी चालक अनुमतिपत्र लिने

1. तपाईंले एनएसडब्ल्यूका सडकहरूमा सुरक्षित रूपमा सवारी चलाउन सुनिश्चित गर्न एनएसडब्ल्यूका सडक नियमहरूसँग परिचित हुनको लागि सडक प्रयोगकर्ता पुस्तिका पढ्नुहोस्।
2. आफ्नो सवारी चालक अनुमतिपत्रको आवेदन फारम पूरा गर्नुहोस् र आफ्नो सान्दर्भिक सहायताका कागजातहरू तयार गर्नुहोस्।
3. पहिचानको प्रमाण, आफ्नो हालको विदेशी सवारी चालक अनुमतिपत्र र अंग्रेजीमा लेखिएका छैनन् भने अनुवादित कागजातहरू सहित आफ्नो आवेदन फारम र आवश्यक कागजातहरू सर्भिस एनएसडब्ल्यू सेवा केन्द्रमा लैजानुहोस्।
4. यदि तपाईंले सवारी चालक अनुमतिपत्र प्राप्त गर्न योग्यता पूरा गर्नुहुन्छ भने, र यदि तपाईंले चालक ज्ञान परीक्षण र व्यवहारिक सडक सवारी परीक्षण पूरा गर्न आवश्यक छ भने तपाईंलाई सर्भिस एनएसडब्ल्यू सेवा केन्द्रमा सल्लाह दिइनेछ।

आवेदकहरूले एनएसडब्लुको सवारी चालक अनुमतिपत्रका लागि सबै आवश्यकताहरू पूरा गर्न र छ-महिनाको अवधि समाप्त हुनु अघि नै एनएसडब्लुको सवारी चालक अनुमतिपत्र लागि आवेदन मात्र होइन, सफलतापूर्वक प्राप्त गर्न प्रशस्त समय दिनुपर्छ।

## जरिवानाहरु

१ जुलाई २०२३ देखि एनएसडब्लुमा लगातार ६ महिना वा सोभन्दा बढी अवधिका लागि बसोबास गर्ने अस्थायी प्रवेशाज्ञा धारकलाई विदेशी सवारी चालक अनुमतिपत्रले एनएसडब्लुमा सवारी चलाइरहेमा जरिवाना लाग्नेछ। उनीहरूले सवारी चालक अनुमतिपत्र बिना सवारी चलाएको मानिनेछ।

पहिलो अपराधको लागि $६०३ को जरिवाना र दोस्रो वा त्यसपछिको अपराधको लागि $९२४ को जरिवाना प्रस्ताव गरिएको छ। अदालतले अधिकतम $२२०० (२० जरिवाना एकाइ) को जरिवाना लगाउन सक्छ।

**nsw.gov.au/overseasdriver** मा थप जान्नुहोस्।